# सप्तरी जिल्ला अदालत

राजविराज

☎ ०३१-५२१५९९
टोल फ्री नं. १६६०३१५२००५
Email: info.dcsaptari@supremecourt.gov.np

## सूचना । सूचना ।। सूचना ।।।

मितिः २०७७/०५/१७/४

उपर्युक्त सम्बन्धमा मिति २०७७ साल भाद्र १७ गते बुधबारका दिन उच्च अदालत जनकपुर, राजविराज इजलास तथा सप्तरी जिल्ला अदालत, उच्च सरकारी वकील कार्यालय, राजविराज उच्च बार एसोशिएसन, सप्तरी जिल्ला अदालत बार एसोशिएसनका प्रतिनिधिज्यूहरु विच भएको छलफल तथा अन्तरक्रिया एवंम् उच्च अदालत जनकपुर, राजविराज इजलासको पूर्ण बैठकवाट यस अदालतको हकमा देहाय बमोजिम गर्ने गरी निर्णय भएको हुँदा सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. मुद्दा फिर्ता, मिलापत्र, तामेली, डिसमिस फैसला र धरौटी फिर्ताका काम कारवाही मिति २०७७।५।१८ गतेदेखि नै सुचारु गर्ने ।

मिति २०७७।०५।२१ गतेदेखि थप सेवाका रुपमा विस्तार हुने काम कारवाहीहरु:

२. मुद्दामा प्रमाण वुझी अंग पुगि सकेका अदालतको आदेशले बाल सुधार गृहमा रहेका बालबालिका मात्र संलग्न रहेको निजको कानून बमोजिमको प्रतिनिधित्व रहेमा फौजदारी मुद्दाको सुनुवाइ प्रारम्भ गर्ने ।

३. प्रमाण बुझि सकेको थुनुवा मात्र भएको मुद्दाको थुनुवाको तर्फवाट कानून व्यवसायी उपस्थित भएमा सुनुवाई र कारवाही गर्ने ।

४. मिलापत्र हुन सक्ने मुद्दाको फिरादपत्र, प्रतिउत्तरपत्र सहित मिलापत्रको दरखास्त लेखी दुबै पक्ष हाजिर हुन आएमा सो उपर कानूनबमोजिमको प्रकृया पूरा गरी मिलापत्रसमेत गर्ने, गराउने ।

५. दशीको रुपमा पेश भएका वा फैसला र आदेशले फिर्ता दिने ठहर भएको सामान फिर्ता दिने एवम् दशी र जिन्सी सामान लिलाम सम्बन्धी कार्य गर्ने ।

६. मुद्दाको सुनुवाई भई कसूर कायम भएको र सजाय निर्धारण प्रतिवेदन प्राप्त भई सकेको वा सहजरुपमा प्राप्त हुने अवस्था भएमा कार्यबोझसमेतलाई विचार गरी सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दामा थुनामा रहेका प्रतिवादीको सजाय निर्धारण गर्ने ।

७. जेष्ठ नागरिकको कैद छूट सम्बन्धी निवेदन दर्ता र सो को सुनुवाई गर्ने ।

८. घरेलु हिंसा र मानाचामल वा भरण पोषण सम्बन्धी मुद्दामा अन्तरिम राहतको दावी भएकोमा पक्षहरु सुनुवाईका लागि निवेदन लिई उपस्थित भएमा सुनुवाई गर्ने र अन्तरिम संरक्षणात्मक आदेशको सम्बन्धमा सुनुवाइ गर्ने।

९. तहसिल शाखामा कारवाहीयुक्त अवस्थामा रहेका निवेदन फिर्ता तथा मिलापत्र सम्बन्धी कार्य गर्ने ।

१०. फैसला अनुसार सदर स्याहा गर्नु पर्ने धरौटी सदर स्याहा वा मुद्दामा तारेख गुजारेको र मुद्दा अन्तिम भएकोमा अदालती शुल्क सदरस्याहा गर्नका लागि लेखा शाखालाई जानकारी गराउने सम्बन्धी कार्य गर्ने ।

११. यस अघि बन्दाबन्दी एवं निषेधाज्ञाको अवधिमा सुचारु रहेका काम कारवाहीहरु यथावतरुपमा संचालन हुने र

१२. मिति २०७७।५।२३ गते देखि दैनिकरुपमा वढीमा ५ वटाका दरले फिराद पत्र र प्रतिउत्तर पत्र दर्ता गर्ने ।

पुनश्चः सि.नं.१२ मा उल्लेख भए बमोजिम फिराद पत्र तथा प्रतिउत्तर पत्र दर्ता गर्न चाहनु हुने पक्षले सोही दिन दिनको १२.०० बजेसम्म यस अदालतको प्रशासन शाखावाट टोकन लिने व्यवस्था मिलाइएको छ । साथै टोकन प्रणालीवाट फिराद तथा प्रतिउत्तर पत्र दर्ता गर्ने कार्यमा सहजिकरण गरि दिनु हुन कानून विद्वान कानून व्यवसायीवृत्तमा र सेवाग्राहीहरुसमेतमा विशेष अनुरोध छ ।

२०७७।५।१९।६।१४

..............................

(हेमबहादुर बुढाथोकी)

शाखा अधिकृत

नोटः यस अदालतवाट प्रदान गरिने सेवाहरुको सम्बन्धमा कुनै दुबिधा भएमा यस अदालतको टोल फ्री नं. १६६०३१५२००५ मा सम्पर्क गर्नु हुन अनुरोध छ।